नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

## प्रेस-विज्ञप्ती

विगत चार दिनदेखि देशका विभिन्न भागहरुमा परेको अविरल वर्षाका कारण विपद्को दुःखद घटनामा २८ जिल्ला प्रभावित भई हालसम्म ५० जनाको मृत्यु भइसकेको, ३२ जना वेपत्ता भएको, २९ जना व्यक्तिहरु घाइते भएको र ३३,११३ जना व्यक्तिहरु प्रभावित भएको बिवरण सुरक्षा निकाय तथा जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त भएको छ ।

हालसम्म हवाई, जल तथा स्थलमार्गको माध्यमबाट २,१५६ जना व्यक्तिहरुलाई उद्धार गरिएको छ। घाइतेहरुको स्थानीय अस्पतालहरुमा उपचार भइरहेको, प्रभावित व्यक्तिहरु सुरक्षित स्थानमा रहेको, राहत र उद्धारको कार्यलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तहका सरकारवीच प्रभावकारी सञ्चार र समन्वयका साथ स्रोत र साधनलाई परिचालन गरिएको छ।

उद्धार तथा राहतका कार्यमा जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालका सुरक्षाकर्मीहरु, जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, रेडक्रस लगायत विभिन्न सामाजिक तथा मानवीय क्षेत्रमा काम गर्ने संघ संस्थाहरु, स्वंयमसेवकहरु तथा स्थानीयवासीहरु समन्वयात्मक रुपमा परिचालित भएका छन् ।

विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि बाढी र वर्षाको पूर्वसूचना प्रणाली सक्रिय गराइएको छ । सम्भावित क्षेत्रमा निरन्तर एसएमएस पठाइएको छ । सामाजिक सञ्जाल र मिडियाबाट सुसूचित गरिएको छ । स्थानीय प्रशासन, सबै सुरक्षा निकायहरु कार्यस्थलमा उच्च सतर्कताका साथ विपद् व्यवस्थापनमा खटिइरहेका छन् । अवरुद्ध सडकहरु खुलाउने प्रयास भइरहेको छ भने केही मार्गहरु खुलिसकेका छन् । अवरुद्ध विद्युत र संचार सुचारु गर्न तिब्रता दिइएको छ । सम्बद्ध पक्षसँग समन्वय गरी सर्लाही र रौतहट जिल्लामा पानी निकासको प्रवन्ध भैसकेको छ । डुङ्गाहरुमार्फत सुरक्षाकर्मीद्वारा डुबान प्रभावित व्यक्तिहरुलाई उद्धार गर्ने कार्य जारी राखिएको छ । जिल्लाहरुबाट उद्धार तथा वेपत्ताहरुको खोजीलाई थप तिब्रता दिइएको छ। हेलिकप्टर मार्फत हवाई उद्धारको क्रममा हुलाकी राजमार्ग अन्तर्गत सिरहा न.पा.-६ बसबिट्टा स्थित निर्माणाधीन पुल अनुगमनमा गएको इन्जिनियर जामुन यादव सहितको ९ जनाको टोली २ दिनदेखि सोही पुलमाथि अलपत्र रहेकोमा काठमाडौं र इटहरीबाट दिनभरीको पटक-पटकको हवाई उद्धार प्रयास मौसमका कारण सफल नभए पश्चात सुर्खेतबाट

नेपाल सरकार

# गृह मन्त्रालय

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार
गृह मन्त्रालय

हेलिकप्टर उडान भई मिति २०७६/०३/२८ गते साँझ करिब ६:३० बजेको समयमा निजहरुको सकुशल उद्धार गरिएको छ । आपत्कालिन उद्धार तथा राहत वितरण कार्य गर्न हेलिकप्टरहरुको उडान निरन्तर भइरहेको छ ।

आज मात्रै धनुषाको जनकनन्दनी गाउँपालिकाको ९ वटा वस्तीका लागि हेलिकप्टरबाट खाद्यान्न तथा औषधि ढुवानी भैसकेको छ । प्रदेश नं. ३ को हेटौडामा रहेको वायरहाउसबाट सर्लाही, सिरहा, महोत्तरी, रौतहट जिल्लामा म्याट र त्रिपाल ढुवानी भइरहेको छ । इटहरीमा रहेको प्रदेश नं. १ को गोदामघरबाट सप्तरीका लागि त्रिपाल लैजाने व्यवस्था मिलाइएको छ । घरबाट बाहिर सुरक्षित बसेकाहरुका लागि स्थानीय तहहरुबाट तत्कालका लागि खानेकुराको व्यवस्थापन भइरहेको छ । स्वास्थ्य मन्त्रालयको समन्वयमा सम्भावित महामारीलाई मध्यनजर गरी प्रभावित जिल्लाहरुका लागि स्वास्थ्यकर्मी तथा औषधी तयारी अवस्थामा राखिएको छ ।

प्रभावित जिल्लाहरुका लागि सामाजिक तथा मानवीय क्षेत्रमा काम गर्ने संयुक्त राष्ट्रसंघीय एजेन्सीहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुलाई जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिसँगको समन्वयमा राहत वितरण गर्न गृह मन्त्रालयमा विषयगत क्षेत्र (Cluster) को बैठक बसी राहत, प्रतिकार्य र पुनर्लाभ सम्बन्धमा आवश्यक निर्णयहरु भए बमोजिम सम्बन्धित निकायहरु राहत व्यवस्थापनका लागि सक्रिय भएका छन् । राहत तथा उद्धारलाई थप प्रभावकारी बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहलाई लिखित मार्गदर्शन समेत गरिसकेको छ । तसर्थ विपद्लाई यथाशिघ्र व्यवस्थापन गरी प्रभावित जनजीवन सामान्य बनाई राख्न सम्बन्धित सबैबाट आवश्यक समन्वयात्मक सहयोगको अपेक्षा सहित यस दुःखद घडीमा मृत्युवरण गर्ने मृतकहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

मितिः २०७६/०३/२९ गते, आइतवार

२०७६/०३/२९

उमाकान्त अधिकारी
सहायक प्रवक्ता/उपसचिव